annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १९१ पृष्ठ ८ | काठमाडौं, शनिबार १ मंसिर २०८१ | कार्तिक शुक्लपक्ष पूर्णिमा नेपाल संवत् ११४५ | SATURDAY, NOVEMBER 1

कभर स्टोरी

# मानव-वन्यजन्तु बढ्दो द्वन्द्व, चुलिँदो क्षति




**मुलुकमा बर्सेनि ७ वटा हात्ती मारिन्छन् । २१ वर्षमा हात्तीको आक्रमणबाट ३ सय ४९ जनाको ज्यान गइसकेको छ । वन्यजन्तुको आक्रमणले मानवीय क्षति तथा मानवीय आक्रमणले वन्यजन्तुको क्षति हुने क्रम बढ्दो छ । अर्थात्, मानव-वन्यजन्तु बीच दिनानुदिन द्वन्द्व चुलिँदै छ । मानव-वन्यजन्तुबीच आवश्यक सह-अस्तित्वको वातावरण निर्माण हुन नसक्दा असहिष्णुता मौलाउँदै छ ।**

**यादव आचार्य** | *गुलरिया*

– को रिपोर्ट

समाचार पृष्ठ २

# मुख्यमन्त्रीको माग, समानुपातिक बाँडफाँट

## प्रधानमन्त्रीले भने, 'सक्षम र पारदर्शी प्रशासन सरकारको उच्च प्राथमिकतामा'

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*



प्रधानमन्त्री केपी शर्मा ओलीले चुस्त, दुरुस्त, सक्षम र पारदर्शी प्रशासन बनाउने विषय सरकारको उच्च प्राथमिकतामा रहेको बताएका छन् । शुक्रबार बसेको राष्ट्रिय विकास समस्या समाधान समितिको ५३ औं बैठकमा प्रधानमन्त्री ओलीले विकासका लागि सुशासन झनै आवश्यक भएकाले शासकीय सुधारलाई समितिबाट निर्णय गर्नुपर्ने कार्यसूचीको पहिलो नम्बरमा राखेको स्पष्ट पारे ।

प्रदेशका मुख्यमन्त्रीहरूले भने स्रोतको बाँडफाँट समानुपातिक ढंगबाट हुने पर्ने माग राखे । उनीहरूले कानुन निर्माणदेखि कर्मचारी व्यवस्थापनमा संघको बेवास्ता गरेको आरोप लगाए । संघीयता कार्यान्वयनमा संघीय सरकारमा केन्द्रीकृत सोच भावी रहेको उनीहरूको भनाइ थियो । प्रहरी समायोजन ऐन बनिसक्दा पनि कार्यान्वयन नभएकोमा गुनासो गरेका थिए । प्रदेशको अधिकारमा पनि संघले हस्तक्षेप गरेको मुख्यमन्त्रीहरूको आरोप थियो । मुख्यमन्त्रीहरूले प्रदेशको अधिकार उपलब्ध गराउन माग गरेका छन् । मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले मधेस प्रदेशलाई विशेष प्याकेज उपलब्ध गराउन माग गरेका छन् । उनले समितिको बैठकमा भने, 'पहाडी र हिमाल जिल्लामा जलविद्युत् आयोजना हुन्छन्, तर हाम्रो प्रदेशमा बाढी, पहिरोमात्रै पाउँछौं, त्यसैले मधेस प्रदेशलाई संघले विशेष प्याकेज उपलब्ध गराउनु पर्छ ।'

उनले कृषिको आधुनिकीकरणको विषयमा आफूले कुरा उठाएको बताए । कृषि वैज्ञानिक र अनुसन्धानकर्ताले अभाव हुँदा कृषि क्षेत्रमा ठूलो असर परेको उनको भनाइ छ । बागमतीका मुख्यमन्त्री बहादुरसिंह लामाले संघ र प्रदेशबीचको समन्वयदेखि हरेक समस्याका विषयमा छलफल भएको बताए । बनिसकेका कानुन पनि कार्यान्वयनमा नआएको विषयमा आफूले कुरा उठाएको बताए । संघले धेरै कानुन नै बनाइदिएको छैन, बनाइएको प्रहरी समायोजन ऐन पनि कार्यान्वयन गरेको छैन्, त्यसले धेरै समस्या भएको छ, उनले भने ।

उनले कर्मचारी व्यवस्थापन पनि संघीय सरकारले विभेद गरेको कुरा बैठकमा उठाएका थिए । 'अवकाश हुन लागेका सचिव पठाउँछन्, कोही त पठाउनै बित्तिकै सरुवा गरिहाल्छन्,' उनले भने । वित्तीय समानीकरण अनुदानलगायतका बजेट कटौती गरेकोदेखि प्रदेशको अधिकारको विषयमा आफूले कुरा राखेको बताए । कतिपय विषयमा दोहोरो काम भइरहेको उनले बताए । कोपमा वनका कर्मचारी धेरै गएकोमा प्रधानमन्त्रीको असन्तुष्टि प्रधानमन्त्री ओलीले वातावरण संरक्षण गर्दै विकासका आयोजनालाई सहजीकरण गर्नुपर्ने र विकासलाई अवरोध गर्ने गरी वनसम्बन्धी निकायले काम गर्न नहुने बताए । उनले अजरबैजानको बाकुमा भएको जलवायुसम्बन्धी सम्मेलनमा वन मन्त्रालयले आवश्यकताभन्दा बढी कर्मचारी पठाएको सन्दर्भ उल्लेख गर्दै यस्ता गलत प्रवृत्ति हुन नहुनेमा मन्त्री र सचिवको ध्यानाकर्षण गराए ।

» बाँकी पृष्ठ ६


## एनपीएलको प्रत्यक्ष प्रसारण स्टार स्पोर्ट्सबाट

**काठमाडौं** (अन्नपूर्ण) : पहिलो संस्करणको नेपाल प्रिमियर लिग (एनपीएल)को प्रत्यक्ष प्रसारण भारतीय च्यानल स्टार स्पोर्ट्सबाट हुने भएको छ । नेपाल क्रिकेट संघ (क्यान)ले शुक्रबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै एनपीएल स्टार स्पोर्ट्सबाट प्रत्यक्ष प्रसारण हुने जानकारी दिएको हो ।

क्यानका सचिव पारस खड्काले प्रिमियर लिगको प्रत्यक्ष प्रसारणका लागि क्यानले स्टार स्पोर्ट्सलाई जिम्मेवारी दिएको बताए । उनले नेपालको घरेलु लिगलाई अन्तर्राष्ट्रिय प्लेटफर्ममा लैजाने मौका मिलेको बताए ।

उनले पहिलो संस्करणको एनपीएललाई क्यानले ब्रान्डको रूपमा स्थापित गर्न खोजेको उल्लेख गरे । पहिलो एनपीएल खेल्न विदेशी फ्रेन्चाइजहरूले खेल्न इच्छा देखाए पनि सम्भव नभएको भन्दै उनले अर्को संस्करणमा अन्तर्राष्ट्रिय फ्रेन्चाइज खेलको रूपमा विकसित हुन सक्ने बताए । लिग खेल्न आउने विदेशी खेलाडीहरूको श्रम स्वीकृतिलगायतका काममा क्यानले सहजीकरण गर्ने खड्काले जानकारी दिए । त्यस्तै, उनले उपनिर्वाचनका कारण मंसिर १६ गते खेल आयोजना गर्न सम्भव नभएकाले छिट्टै नयाँ खेल तालिका सार्वजनिक गर्ने बताए ।

भित्री पृष्ठ


सौर्यमण्डलको वास्तुशास्त्र - पृष्ठ ३


जहाँ मध्यरातमा चिच्याएर 'वर' मागिन्छ ! - पृष्ठ ४


बालयात्रा बिट मारेका गान्धीपथका गोपाल - पृष्ठ ५


सवारीसाधन कारवाहीबाट साढे ७ लाख राजस्व - पृष्ठ ७

# बंगलादेश पुग्यो ४० मेगावाट बिजुली

**सुनिता कार्की** | *काठमाडौं*

नेपालले ४० मेगावाट बिजुली बंगलादेश बेच्न सुरु गरेको छ । शुक्रबारबाट नेपालको ४० मेगावाट विद्युत् बंगलादेशतर्फ निर्यात भएको छ । यससँगै तेस्रो मुलुकमा विद्युत् व्यापार सुरु भएको हो । यो वर्षका लागि बंगलादेशलाई बिजुली बिक्री भने यो नै अन्तिम हो । नेपालबाट भारत हुँदै बंगलादेशतर्फ विद्युत् निर्यात शुक्रबार मध्याह्न साढे १२ बजेबाट सुरु भएर राति १२ बजेसम्म मात्र हुनेछ । त्यसपछि आगामी वर्ष सन् २०२५ को जुन १५ बाट बंगलादेशतर्फ पुन: विद्युत् निर्यात सुरु हुनेछ । नेपालले हरेक वर्ष जुन १५ बाट नोभेम्बर १५ सम्म बंगलादेशसँग विद्युत् व्यापार गर्नेछ । नेपाल र भारतबीचमात्र विद्युत् व्यापार हुँदै आएकोमा अब नेपालको विद्युत् बंगलादेशमा विस्तार भएको हो ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री दीपक खड्का, भारतका विद्युत् मन्त्री मनोहर लाल र बंगलादेशका विद्युत्, ऊर्जा तथा खनिज मन्त्रालयका सल्लाहकार मोहमद फोजुल कबिर खानले भर्चुअलमार्फत संयुक्त रूपमा स्विच अन् गरी विद्युत् निर्यातको शुभारम्भ गरे । कार्यक्रममा मन्त्री दीपक खड्काले बंगलादेश विद्युत् निर्यात हुनु नेपालका लागि ऐतिहासिक कोसेढुंगा भएको बताए ।

विद्युत् प्राधिकरण, बंगलादेश पावर डेभलपमेन्ट बोर्ड र एनटीपीसी विद्युत् व्यापार निगम लिमिटेडबीच गत असोज १७ गते त्रिपक्षीय विद्युत् बिक्री सम्झौतामा हस्ताक्षर भएको थियो । उक्त सम्झौताले विद्युत् निर्यातका लागि मार्ग प्रशस्त गरेको मन्त्री खड्काले बताए । उनले बंगलादेशमा विद्युत् निर्यात गर्न सहजीकरण गर्ने भारत सरकार र विद्युत् आयत गर्ने बंगलादेश सरकारलाई धन्यवाद दिए ।

नेपाल र भारतबीचको पहिलो अन्तरदेशीय ढल्केबर-मुजफ्फरपुर ४०० केभी प्रसारण लाइन हुँदै भारतको मुजफ्फरपुर सबस्टेसनमा विद्युत् पुग्नेछ । त्यसपछि मुजफ्फरपुर सबस्टेसनबाट भारतको प्रसारण लाइनमार्फत भारत-बंगलादेशबीचको बहरामपुर (भारत)-भेरमारा (बंगलादेश) ४०० केभी प्रसारण लाइनमार्फत बंगलादेश विद्युत् पुग्नेछ ।

भारतको विद्युत् मन्त्रालयअन्तर्गतको केन्द्रीय विद्युत् प्राधिकरणले त्रिशूली र चिलिमे जलविद्युत् आयोजनाबाट उत्पादित क्रमश: १८.६० मेगावाट र २१.४० मेगावाट गरी ४० मेगावाट विद्युत् बंगलादेशतर्फ निर्यातका लागि कात्तिक २९ गते बिहीबार स्वीकृति दिएको थियो । केन्द्रीय विद्युत् प्राधिकरणले दुई आयोजनाहरूबाट उत्पादित ४० मेगावाट विद्युत् सन् २०२९ अक्टोबर २ सम्म बंगलादेश निर्यात स्वीकृति दिएको हो । यी दुवै भारतमा विद्युत् निर्यातका लागि स्वीकृति पाइसकेका आयोजना हुन् ।



विद्युत् प्राधिकरणले वर्षायामको ६ महिना अर्थात् हरेक वर्षको जुन १५- नोभेम्बर १५ सम्म पाँच वर्ष ४० मेगावाट विद्युत् अमेरिकी डलरमा बंगलादेशलाई बिक्री गर्नेछ । नेपाल-बंगलादेशबीच विद्युत् व्यापार डलरमा हुनेछ । प्राधिकरणले बंगलादेश विद्युत् बिक्री गरी प्रतियुनिट ६.४० अमेरिकी सेन्ट (शुक्रबारको विदेशी मुद्रा विनियम दरअनुसार ८ रुपैयाँ ६२ पैसा) पाउनेछ । नेपालले विद्युत् बिक्रीबाट पहिलोपल्ट डलरमा आम्दानी गर्न लागेको हो । भारतसँगको विद्युत् व्यापार भारतीय रुपैयाँमा हुँदै आएको छ ।

प्राधिकरणले शुक्रबार साढे ११ घण्टा बंगलादेशतर्फ ४० मेगावाट विद्युत् निर्यात गर्दा २८ हजार १ सय ६० डलर (३७ लाख ९३ हजार ४ सय ३३ रुपैयाँ) पाउनेछ । बंगलादेश निर्यात हुने विद्युत्को मूल्य प्राधिकरणले भारतको मुजफ्फरपुर बिन्दुमा पाउनेछ । ढल्केबरबाट मुजफ्फरपुरसम्मको प्रसारण लाइनको प्राविधिक चुहावट प्राधिकरणले नै बेहोर्नेछ । मुजफ्फरपुर बिन्दुपछिको प्रसारण लाइन शुल्क, चुहावट, एनभीभीएन, भारतले लिने ट्रेडिङ मार्जिनलगायतका सम्पूर्ण कर तथा शुल्कहरू बंगलादेशले नै बेहोर्नेछ । नेपालबाट ४० मेगावाट विद्युत् भारतीय प्रसारण ग्रिड प्रयोग गरी बंगलादेश लैजानका लागि नेपाल विद्युत् प्राधिकरण, एनटीपीसी विद्युत् व्यापार निगम (एनभीभीएन, भारत र बंगलादेश पावर डेभलप्मेन्ट बोर्ड (बीपीडीबी)बीच गत असोज १७ गते त्रिपक्षीय विद्युत् बिक्री सम्झौता (पीएसए) भएको थियो । त्रिपक्षीय विद्युत् बिक्री सम्झौतापछि प्राधिकरणले गत २३ असोजमा बंगलादेश विद्युत् निर्यात स्वीकृतिका लागि आयोजनाहरूको सूची भारतको केन्द्रीय विद्युत प्राधिकरणमा पठाएको थियो । भारतको केन्द्रीय विद्युत् प्राधिकरणले बिहीबार स्वीकृति दिएपछि शुक्रबारबाट विद्युत् निर्यात सुरु गरिएको हो ।

कानुनमा भएको व्यवस्थाबमोजिम बीपीडीबी १६ पुस २०८० मा नेपालबाट उत्पादित ४० मेगावाट विद्युत् बंगलादेश, भारत र नेपालका निकायहरूबीचको त्रिपक्षीय सम्झौताअनुसार हुने गरी पाँच वर्षसम्म खरिदका लागि बोलपत्र (टेन्डर) आह्वान गरेको थियो ।

» बाँकी पृष्ठ ६